दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २७९ | बुटवल | २०८२ असोज २९ गते, बुधबार | नेपाल संवत ११४५ | Wednesday October 15, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

## देशलाई संवैधानिक बाटोमा फर्काउने आधार चुनाव : देउवा



बुटवल । कांग्रेस सभापति शेरबहादुर देउवाले मुलुकमा संकट आएको अवस्थामा कांग्रेसले नेतृत्व गरेको उल्लेख गर्दै अहिले पनि सबै पार्टीहरूलाई एकमत बनाएर लैजाने पहल गर्नुपर्ने बताएका छन् ।

केन्द्रीय समिति बैठकमा सम्बोधन गर्दै देउवाले बहुदलीय लोकतान्त्रिक व्यवस्थामा वाहक मानिने राजनीतिक दलहरूसँग सरकारले सार्थक संवादको वातावरण नबनाएको उल्लेख गरेका छन् ।

'यस अवस्थामा कांग्रेसले अन्य राजनीतिक दलहरूसँग संवाद गरी आगामी योजनाबारे छलफल गर्न आवश्यक छ,' देउवाले भने-'मुलुकमा संकट आएका बेला त्यसको निकास पनि नेपाली कांग्रेसले दिने गरेको विगतको इतिहासलाई आत्मसात गर्दै सबै राजनीतिक दललाई एकमत बनाउने तर्फ अघि बढौं ।'

उनले देशको वर्तमान विषम परिस्थितिमा नेपाली कांग्रेसले आफूलाई एकताबद्ध, सुसंगठित बनाउँदै लोकतान्त्रिक व्यवस्थामा आस्थावान अन्य राजनीतिक दलहरूसँग समेत संवाद र सहकार्य गर्नु आवश्यक रहेको उल्लेख गरे । 'संविधानसभाबाट नेपाली जनताले निर्माण गरेको नेपालको संविधान जोखिममा परेको छ। जननिर्वाचित सर्वोच्च संस्था प्रतिनिधिसभा असंवैधानिक तथा अलोकतान्त्रिक तवरले विघटन गरिएको छ ।'- उनले भनका छन् ।

सरकारले फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गर्ने मिति तोकेको छ। तथापि, स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचनको वातावरण बन्न नसकेको उनले उल्लेख गरेका छन् ।

निर्वाचनको पूर्व शर्तका रुपमा रहेको शान्ति सुरक्षाको ग्यारेन्टी छैन । सुरक्षा निकाय मनोबल गिरेर निरीह भएको देउवाको भनाइ छ ।

'तसर्थ निर्वाचनका लागि शान्ति सुरक्ष्याको अवस्था सामान्य बनाउने र शान्तिपूर्ण निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुन्छ र सबैले स्वतः स्फुर्त निर्वाचनमा भाग लिने अवस्था निर्माण हुन्छ भन्ने कुराको सुनिश्चतता गराउने जिम्मा सरकारको हो । यसतर्फ सरकारको ध्यान जाओस् ।'- उनले भनेका छन् ।

सरकारले निर्वाचनका लागि वातावरण बनाउन बनाउन सकेमा देशलाई पुनः संवैधानिक बाटोमा फर्काउने आधार निर्वाचन हो भन्ने विश्वास रहेको देउवाले बताए ।

बहुदलीय लोकतान्त्रिक व्यवस्थामा वाहक मानिने राजनीतिक दलहरूसँग सरकारले सार्थक संवादको वातावरण नबनाएको उनले उल्लेख गरेका छन् । देउवाले आफू नेतृत्व हस्तान्तरण गर्न तयार रहेको बताएका छन् । केन्द्रीय समिति बैठकलाई सम्बोधन गर्दै १५औं महाधिवेशनबाट पार्टी नेतृत्व विधिवत रुपमा हस्तान्तरण गर्ने बताए ।

आगामी १५औं महाधिवेशनबाट आफू बाहेक अरु कुनै सभापति बन्ने भएकाले द्विविधा नपर्न आग्रह गरेका छन् ।

। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिएका छन् । पार्टी कार्यालय सानेपा बसेको केन्द्रीय समिति बैठकलाई सम्बोधन गर्दै खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिएका हुन् ।

देउवाले भदौ २४ गतेको आन्दोलनमा क्रममा आफ्नो ज्यानै लिने मनसायले सांघातिक हमला गरिएको बताएका छन् । आन्दोलनका क्रममा भएका घटनाहरु आकस्मिक र स्वतःस्फुर्त नभएर सुनियोजित भएको उनको निष्कर्ष छ ।

कांग्रेसको केन्द्रीय कार्यसमिति वैठकमा सहभागी हुँदै उनले आफू र परिवारको ज्यान जोगाउन भूमिका खेल्ने सुरक्षाकर्मी र शुभचिन्तकलाई धन्यवाद दिए । भदौ २३ र २४ गतेका घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन पनि उनले माग गरेका छन् ।

आफ्नो सम्बोधनमा देउवाले भनेका छन्-'गत भाद्र २४ गते सिंगो मुलुक जलेको बेला म र मेरा परिवारमाथि पनि ज्यानै लिने मनसायले सांघातिक हमला गरियो । घरमा तोडफोड, लुटपाट र आगजनी गरे, सुरक्षाकर्मीको घण्टौको अथक प्रयासपछि हामीलाई उद्दार गरिएको थियो । म र मेरो परिवारले कस्तो त्रासदीपूर्ण भौतिक आक्रमणको सामना गर्नुपर्यो तपाईंहरु जानकार नै हुनुहुन्छ ।'

उनले थपे-'तपाईंहरुको माया, प्रार्थना र कामनाले उपचारपछि यो बैठकमा आएर बैठक सञ्चालन गर्न पाएको छु। मेरा राजनीतिक जीवन यात्रामा भोगेका विभिन्न कठिन क्षणहरु सम्झदा राष्ट्र, जनता र पद्धतिका लागि वैचारिक अडान लिँदा यस किसिमका अवस्था जुनसुकै बेला पनि आउन सक्छ केवल सामना गर्ने साहस राख्नु पर्छ भन्ने मेरो मान्यता रहेको छ ।' देउवाले आफ्नो निवासमा ठूलो परिमाणमा नगद रकम भेटिएको भन्ने विषयमा कुनै स्पष्ट जवाफ दिएनन् । बरु आफूहरुको प्रतिष्ठा र छवि बिगार्न सुनोयोजिरुपमा झुटा प्रचार गरिएको टिप्पणी गरे । घटनाक्रम झट्ट हेर्दा व्यक्तिगत आक्रमण जस्तो देखिएता पनि समग्रमा हेर्दा देश, पद्धति र पार्टी माथिको आक्रमण नै हो भन्ने उनको ठहर छ ।

'म यो बैठकबाट आक्रमणकारीहरुको कब्जाबाट हामीलाई बचाउने घटनास्थलका सुरक्षाकर्मी तथा शुभचिन्तक सबैलाई हृदयदेखि धन्यवाद ज्ञापन गर्दछु, साथै जीवनभर स्मरण गरिरहनेछु ।'- उनले भने ।

देउवाले भाद्र २३ र २४ गतेको घटनामा परी ज्यान गुमाउने सबैमा श्रद्धाञ्जली दिएका छन् र घटनामा घाइते भएकाहरुको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् ।

» बाँकी ३ पेजमा

### विशेष महाधिवेशनको पक्षमा ५४ प्रतिशत बढी

बुटवल । नेपाली कांग्रेसमा विशेष महाधिवेशन बोलाउनका लागि संकलन गरिएको हस्ताक्षर आज बुझाइने भएको छ ।

महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको अग्रसरतामा भएको हस्ताक्षर संकलन बुधबार ३ बजे कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई केन्द्रीय कार्यालयमा बुझाउने भएको हो ।

मंसिरभित्र नियमित महाधिवशेन हुन नसके विशेष महाधिवशेन गर्नुपर्ने दुई महामन्त्री थापा र शर्माको तर्क छ ।

उनीहरूका अनुसार विशेष महाधिवेशनका लागि हस्ताक्षर गर्नेको संख्या ५४ प्रतिशत कटेको छ ।

कांग्रेसको १४औं महाधिवशेनमा ४७४३ महाधिवेशन प्रतिनिधि थिए । १३औं महाधिवशेनबाट १४औंमा स्वतः प्रतिनिधि भएका केन्द्रीय सदस्य, पार्टी परित्याग गरेका र मृत्य भएका प्रतिनिधिहरु घटाउँदा हाल कायम ४५५६ जना छन् ।

हाल कायम महाधिवशेन प्रतिनिधिमध्येबाट २४८७ जनाले विशेष महाधिवशेनको पक्षमा हस्ताक्षर गरेका छन् । उक्त अंक कायम प्रतिनिधिहरूमा ५४.५८ प्रतिशत हो ।

कांग्रेस विधानअनुसार ४० प्रतिशत महाधिवशेन प्रतिनिधिले हस्ताक्षर गरेर माग गरेको अवस्थामा विशेष महाधिवशेन आव्हान गर्नुपर्ने व्यवस्था छ ।

## एमाले केन्द्रीय समिति बैठक आजदेखि

बुटवल । नेपाल कम्युनिष्ट पार्टी (एमाले) को १०औं केन्द्रीय कमिटी बैठक आज बुधबार बस्ने भएको छ ।

एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमका अनुसार उक्त बैठक बिहान ११ बजे ललितपुरको जावलाखेलमा राखिएको जानकारी दिए ।

उनका अनुसार बैठकमा पार्टी अध्यक्ष केपी शर्मा ओलीको समसामयिक राजनीतिक घटनाक्रम समेटिएको राजनीतिक प्रतिवेदन, राजनीतिक प्रस्ताव र विविध विषयमा छलफल गर्ने कार्यसूची छ ।

बैठकमा आसन्न पार्टीको राष्ट्रिय महाधिवेशनको बारेमा पनि छलफल हुने प्रमुख गौतमले बताए ।

एमालेको यही असोज १२ गते बसेको सचिवालय बैठकले केन्द्रीय कमिटी बैठक आयोजना गर्ने निर्णय गरेको हो ।

## महराको इन्कारी बयान सकियो

बुटवल । विद्युतीय चुरोट भेपमा लुकाएर ल्याइएको सुन विमानस्थल भन्सारबाट छुटाउन दबाब दिएको आरोपमा पक्राउ परेका पूर्वसभामुख कृष्णबहादुर महराले इन्कारी बयान दिएका छन् ।

जिल्ला अदालत काठमाडौंमा दर्ता भएको अभियोजनमा उनले सुन प्रकरणमा आफ्नो कुनै पनि संलग्नता नभएको जिकिर गरेका छन् ।

चिनियाँ नागरिक दाओजिन वाङलाई आफू सञ्चारमन्त्री हुँदा फलफूल लिएर बधाई दिन घरमा आएको बेला चिनजान भएको महराले बताएका छन् ।

सुनको अवैध पैठारी (तस्करी) मा पनि आफ्नो कुनै पनि संलग्नता नभएको र परिवारका सदस्यहरूलाई कुनै राजनैतिक संरक्षण नगरेको महराले बयानमा भनेका छन् । आफू सञ्चारमन्त्री हुँदा दावाले आफूलाई फलफूल व्यापारी भन्दै आएर भेटेको उनले बताएका छन् ।

आफूले प्रमुख भन्सार प्रशासक अरुण पोखरेललाई आफ्नो छोरा आउँछ, हेरीदिनुहोला भनेर नभनेको पनि बताएका छन् ।

उनीविरुद्ध ८ करोड ५५ लाख २८ हजार ३७४ रूपैयाँ बिगो र ३ वर्षभन्दा बढी अवधि कैद सजाय माग दाबी गरिएको छ । उनीमाथि विद्युतीय चुरोट भेपमा लुकाएर ल्याइएको सुन विमानस्थल भन्सारबाट छुटाउन दबाब दिएको आरोप छ ।

१० पुस २०७९ मा फ्लाई दुबईको फ्लाइटनम्बर एफजेट ०५८७ नम्बरबाट काठमाडौं आएका चिनियाँ राहदानी बाहक लि हानसोङले ल्याएका दुई वटा सुटकेशमा शंका लागेपछि जाँच गर्दा भेप देखिपछि विमानस्थल भन्सार कार्यालयले नियन्त्रणमा लिएको थियो । पासपोर्ट फिर्ता लिएर हानसोङले पर्सिपल्टै काठमाडौं छाडेका थिए । भेप भने लामो समयसम्म भन्सारमै थन्किएको थियो ।

भेपमा तस्करीको सुन भएको सूचना पाएपछि विमानस्थलका कर्मचारीले सुटुक्क साटे । भेप साटिएको शंका लागेपछि २६ बैशाख २०८० मा भन्सारले सीआइबीलाई पत्राचार गर्दै अनुसन्धान गर्न भनेको थियो ।

## सहकारीलाई नियमनको दायरामा ल्याउन सुरु

बुटवल । राष्ट्रिय सहकारी नियमन प्राधिकरणले बचत तथा ऋण सहकारी संस्थालाई आफ्नो नियमनको दायरामा ल्याउने प्रक्रिया सुरु गरेको छ ।

प्राधिकरणले अनिवार्य दर्ताको व्यवस्था गरी बचत तथा ऋण सहकारी संस्थालाई आफ्नो नियमन तथा सुपरीवेक्षणको दायराभित्र राख्न लागेको हो ।

प्राधिकरणले सञ्चालनमा रहेका बचत तथा ऋण सहकारी संस्थालाई दर्ता नभइ कारोबार गर्न नपाउने व्यवस्था गरेको छ ।

प्राधिकरणले सञ्चालनमा रहेका सहकारीको अभिलेखीकरण तथा दर्ताका लागि छुट्टै मापदण्ड बनाइ यस्तो व्यवस्था गरेको हो ।

सो मापदण्डअनुसार दर्तामा नआउने सहकारीलाई १५ लाख जरिबानादेखि दर्ता खारेजसम्मको कारबाही हुने व्यवस्था गरेको छ । मापदण्डमा जरिबानादेखि संस्थाको दर्ता नै खारेज गर्ने व्यवस्था उल्लेख भएकाले सहकारी ऐन २०७४ अनुसार नियमको पालना नगर्ने संस्थालाई १५ लाख रुपैयाँसम्म आर्थिक जरिबाना तथा खारेज गर्नेसम्मको अधिकार प्रधिकरणलाई छ ।

प्राधिकरणले बचत तथा ऋण सहकारी संस्था दर्ता अभिलेखीकरण मापदण्ड २०८२ अनुसार विभाग दर्ता हुनका लागि सहकारीहरूले शुल्क तिर्नु पर्नेछ । साथै वार्षिक रुपमा प्राधिकरणबाट लिएको अनुमति पत्र नवीकरण गर्नुपर्ने व्यवस्था छ।

» बाँकी ३ पेजमा






# कुहिरोको कागसरह मुलुक !



**डा. देवीप्रसाद आचार्य**

> यो सरकार सहकारीपीडितको पक्षमा बोलेको सुनिंदैन । सरकारले न राजनीतिक मार्गचित्रको खाका कोर्न सकेको छ, न त सुशासनका कदम चाल्न सकेको छ । कतिपय मानिस 'जेनजी फेरि आन्दोलनमा आउनुपर्छ' भन्न थालेका छन् । यो अत्यन्त अराजनीतिक तथा अपरिपक्व चिन्तन हो, यसो गर्नुहुँदैन । सरकारले समाजका हरेक क्षेत्रसँग राय सल्लाह लिई देशलाई निकासको बाटोमा अगाडि बढाउनुपर्छ । देशलाई 'कुइरोको काग'जस्तो दिशाविहीन बनाउनुहुँदैन, नबनाओस् !

समाजमा अहिले अपरिपक्व चिन्तन र दर्शन विकास भइरहेको देखिन्छ। एउटा भाष्य खडा गरिएको छ- मानौं जेनजी सबथोक हुन्। देशको पहिलो हकदार १२ देखि २८ वर्ष उमेर समूह हो । अथवा, 'जेनजी जे भन्छन्, त्यही गर्नुपर्छ' भन्ने लयमा बहस, छलफल, टीका टिप्पणी हुने गरिएका छन् । हो, जेनजीले पुरानो सत्ता ढाल्यो । नयाँ सरकार बन्यो । तर, जेनजीले सरकारलाई गर्नुपर्ने प्रस्ट कार्यसूची दिन सकेका छैनन् ।

अझै पनि मन्त्रिपरिषद् पूरा हुन सकेको छैन । दोषी पक्राउ परेका छैनन् । सुशीला कार्कीले 'राष्ट्रको नाम' मा दिएको वक्तव्यमा 'सरकारको काम ६ महिनाभित्र निर्वाचन गराउनु हो' भनिएको छ । संविधानअन्तर्गत हुबहु प्रक्रियामा निर्वाचन गराउने हो भने २०८४ सालमा हुने निर्वाचनलाई २०८२ सालमा सार्नुभन्दा बढी जेनजी आन्दोलनबाट के उपलब्धि हुन सक्यो त ? के जेनजीका माग यही हुन् ?

प्रजातन्त्रको लामो समयसम्म पनि देशका पुराना दलहरूले राम्रो काम गर्न सकेनन् । दलभित्रका 'शीर्ष' भनिने नेताहरूले पालैपालो सरकारमा जाने तर राम्रो काम नगर्ने अभ्यासले २०७९ सालसम्म आइपुग्दा राजनीतिक दलका पुराना नेताप्रति जनआक्रोश बढिसकेको थियो । २०७९ सालको निर्वाचनमा जनताले राजनीतिक विकल्प खोज्नेक्रममा राष्ट्रिय स्वतन्त्र पार्टी उदय भयो ।

समाजमा 'रवि लामिछाने नै अबको विकल्प हो' भन्ने भाष्य निर्माण गरियो । यो दल पनि समाजमा उत्पन्न पुराना दलको आक्रोशबाट राजनीतिक सिद्धान्त र कार्यदिशाबिनै बनेको थियो । अहिले जेनजी 'सेप्टेम्बर क्रान्ति' गरेर सरकार ढाल्न सफल भए पनि यो कुनै राजनीतिक दर्शन र सिद्धान्तको समूह होइन ।

सुशीला कार्की नेतृत्वमा कर्मचारी र पत्रकारको समूहबाट गैरनिर्वाचित सरकार बनेको छ । यो सरकार अलमलमा परेको देखिन्छ । देशलाई कसरी अगाडि बढाउने ? भन्ने प्रस्ट खाकामा सरकार हिंडेको छैन । यसरी हेर्दा देश 'कुइरोको काग'सरह भएको अवस्था छ ।

यो साँचो हो कि जेनजी पुस्तामा डिजिटल ज्ञान छ। यो पुस्ता पढेलेखेको पनि छ । तर, राजनीतिक सिद्धान्त, निष्ठा तथा कार्यदिशाबिना देश चल्न सक्दैन । डिजिटल ज्ञान र सीपले मात्रै राजनीतिलाई 'ड्राइभ' गर्न सक्दैन । त्यसो त, जेनजी पुस्तामा 'राजनीतिक चेतना नै छैन' भन्न खोजिएको होइन । जेनजी पुस्ता उमेरको सीमांकनकै कुरा गर्ने हो भने २८ वर्षसम्मको उमेरमा युवाले विश्वविद्यालयसम्मको अध्ययन पूरा गरिसकेका हुन्छन् ।

यो उमेरसम्ममा युवाको कुनै न कुनै राजनीतिक दलसँग निकटता हुन सक्छ । त्रिविलगायत विश्वविद्यालयमा रहेका विद्यार्थी संघ, संगठन प्रायः यही उमेर समूहको संलग्नता रहेको देखिन्छ । तर, देशलाई नेतृत्व गर्न राजनीतिक सिद्धान्त र कार्यदिशासहितको 'भिजन, मिसन र एक्सन' भएको राजनेता चाहिन्छ । अन्यथा, देश 'केटाकेटी आए गुलेली' खेलाएको अवस्थामा पुग्न सक्छ ।

अहिले सोसियल मेडियामा भन्ने गरिएको छ कि 'अब सुशीला कार्की नेतृत्वको सरकारले जेनजीका समस्या समाधान गर्नुपर्छ। जेनजीको चाहानाअनुसार यो सरकार अगाडि बढ्नुपर्छ ।' कतिपय विश्लेषकको भनाइ पनि सुनिन्छ । मानौं, देशमा भएका समस्या जेनजी यानिकि १२ देखि

२८ वर्षका उमेर समूहका मात्र हुन् । यसो हो र ? होइन । जेनजी जन्म हुनुभन्दा अगाडिदेखि नै समाजका हरेक कोणबाट भ्रष्टाचारविरुद्ध आवाज उठेका थिएनन् र ? थिए । सुशासनमा समाजमा चर्को बहस थिएन त ? थियो । राजनीतिक बेथिति र कुशासनविरुद्ध लेख, रचना वा समाचार लेखिएका थिएनन् र ? थिए । कतिपय भ्रष्ट जेल गएका थिएनन् ? गएका थिए । यस कोणबाट हेर्दा जेनजीले नयाँ कुरा उठाएका होइनन् । सबैले अनुभव गरिरहेका समाजका समस्या हुन् । जेनजीले 'आफन्तवाद'लाई 'नेपो किड' भने । जसलाई समाजले 'परिवारवाद' भन्दै आएको थियो । शब्द फरक होलान् । समस्या उनै हुन् ।

अहिले नेपाली समाज राजनीति कित्तामा विभाजित छ। समाजमा 'जातजाति, धर्म, लिंग, वर्ग र राजनीतिभन्दा माथि देश हुन्छ' भन्ने चेतना अत्यन्त कमजोर भएको अवस्था छ । देश हामी सबैको साझा सम्पत्ति हो ।

देश भूगोल मात्र होइन, यसको सम्बन्ध माटो, जनता, संस्कृति, इतिहास, धर्म, समाजिक एकता, सद्भाव, आपसी मेलमिलापसँग जोडिएको हुन्छ । यही भावनात्मक सम्बन्धलाई 'राष्ट्रियता' भनिन्छ । अब हामी राष्ट्रिय एकताको डोरीले बाँधिनुपर्छ । देश फुटेर होइन, जुटेर मात्र निर्माण गर्न सकिन्छ । देशको इतिहास र व्यवस्थापन कार्यमा सबैले आ-आफ्ना ठाउँबाट सकारात्मक भूमिका खेल्ने बेला आएको छ, खेलौं । राजनीतिले बाटो बिराएको बेला हामी सबै एकजुट भएर समस्याको निकास र देश विकास बाटोमा लाग्नुपर्छ, लागौं ।

नाट्यसम्राट बालकृष्ण समले 'देशभक्ति त मर्दैन चुत्थै देश भए पनि' भनेका छन् । अहिले सबै नेपालीमा देश भक्तिको भावना बलियो हुन आवश्यक छ । यो मुलुकको विकास हुनु नै हामी सबैको विकास हुनु हो ।

नेपाल आमालाई उनका सन्तानबाट चोट पुर्‍याउने काम कोही कसैबाट गरिनुहुँदैन । देशका ऐतिहासिक तथा सांस्कृतिक सम्पदामा आगजनी गर्ने, जलाउने, ध्वस्त पार्नेजस्ता कार्य भए । प्रधानमन्त्रीले राजीनामा दिइसकेपछि सिंहदरबार जलेको छ । सर्वोच्च अदालतमा आगो लगाइएको छ । संसद् भवन जलेको छ । काठमाडौं नगरपालिकाअन्तर्गत पर्ने यी कार्यालयमा सम्बन्धित निकायले 'किन दमकल पठाएनन् ?' प्रश्न उठेका छन् । रातभर सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत, मन्त्री निवासलगायत जलिरहँदा सम्बन्धित निकायले रमिता हेरेको देख्दा देशलाई माया गर्नेको मन रोएको छ ।

गरिब जनताबाट कर उठाएर अर्बौंमा निर्माण गरिएका ललितपुर भैंसेपाटीमा अवस्थित मन्त्री निवास जलाउनुपर्ने कारण के थियो ? यी भवनमा बस्ने मानिस भ्रष्ट होलान् । उनीहरूलाई कारबाही गर्ने कि भवनमा आगो लगाउने ? घरमा भएका मुसा मार्न औषधि गर्ने वा बिरालो पाल्ने कि घरमा आगो लगाएर मुसा मार्ने कार्य गर्ने ? जेनजीले 'यो कार्य आफ्नो उमेर समूहबाट नभएको' भनिरहेका छन् । यी घटनाको सत्यतथ्य अनुसन्धान गरी यी देशद्रोही चिन्तन पाल्ने र अभ्यास गर्नेलाई कारबाही गरियोस् । देश द्रोहीलाई न्यायको कठघरामा उभ्याएको हेर्न जनताले पर्खिरहेका छन् ।

सुशीला कार्की नेतृत्वमा बनेको सरकारले अझै पनि पूर्णता पाउन सकेको छैन । सरकार परिवर्तन गर्नु मात्र जेनजीको माग थिएन । देशका समस्या समाधान गर्नका लागि अन्तरिम सरकार बनाइएको हो । तर, सरकार अलमलमा रहेको देखिन्छ । देशलाई प्रस्ट दिशानिर्देश गर्नसक्ने लक्षण देखाएको छैन ।

जेजीसँग पनि स्पष्ट रूपमा देश अगाडि बढाउने मार्गचित्र अभाव छ । उनीहरूको भनाइ के हो ? सरकारले के-के काम गर्नुपर्छ ? खै त खाका ? सुशीला कार्कीले 'सरकारको कार्यभार निर्वाचन गराउनु हो' भनेकी छन् । के यो सरकारले अहिलेको संविधानअन्तर्गत नै निर्वाचन गराउन बनाइएको हो ? यसो हो भने २०८४ सालमा हुने निर्वाचन २०८२ सालमा सारेर देशलाई अझै आर्थिक भार थुपार्ने कार्य किन गर्ने ?

अहिले एकातिर राजनीतिक दल 'पर्ख र हेर'को रणनीतिमा छन् भने अर्कोतिर 'वर्तमान संविधानमा टेकेर समस्याको समाधान गर्ने' भनिएको छ । अहिलेकै राजनीतिक व्यवस्था र संरचनाबाट निर्वाचन गराउने हो भने नेपाली समाजले चाहेको परिवर्तन कसरी सम्भव छ ? नेकपा माओवादीले भन्ने गरेको 'नयाँ नेपाल' बनाउने प्रयोग गर्दा देशले थेग्नै नसक्ने प्रदेश सरकार बनाइए । यति सानो देशमा ८ सय ८६ सांसद बनाइयो । सयौंको संख्यामा मन्त्री बन्ने संरचना बनाइयो ।

अब फेरि पनि संविधानमा हेरफेर गर्ने विकल्प खोजी नगरी यथास्थितिमै यो सरकार अगाडि बढ्ने हो ? अनि जेनजीले चाहेको यही हो र ? नेपाल र नेपालीको आवश्यकता यही हो ? सोंच्ने बेला आएको छ ।

सहकारी पीडित रोइरहेका छन् । ठगहरूले राजनीतिक साथ र सहयोग पाइरहेका छन् । पीडितले सहकारी सञ्चालकद्वारा लुटिएको सम्पत्ति पाउन सकेका छैनन् । यो सरकार सहकारीपीडितको पक्षमा बोलेको सुनिंदैन । सरकारले न राजनीतिक मार्गचित्रको खाका कोर्न सकेको छ, न त सुशासनका कदम चाल्न सकेको छ । कतिपय मानिस 'जेनजी फेरि आन्दोलनमा आउनुपर्छ' भन्न थालेका छन् । यो अत्यन्त अराजनीतिक तथा अपरिपक्व चिन्तन हो, यसो गर्नुहुँदैन । सरकारले समाजका हरेक क्षेत्रसँग राय सल्लाह लिई देशलाई निकासको बाटोमा अगाडि बढाउनुपर्छ । देशलाई 'कुइरोको काग' जस्तो दिशाविहीन बनाउनुहुँदैन, नबनाओस् !

राजधानीबाट

## सम्पादकीय

### स्वदेशी फूल प्रयोग गरौँ

नेपालीको दोस्रो ठूलो पर्व तिहार नजिक आइपुगेको छ । तिहारमा फूलको प्रयोग हुन्छ । भाइटिका, गाई र गोवर्द्धन पूजामा फूलको प्रयोग हुन्छ । चाडपर्वमा खपत हुने फूल अहिले छिमेकी मुलुकबाट आइरहेको र प्रयोग बढिरहेको बेला बुटवलसहित विभिन्न पालिकाहरुले स्थानीय फूलको प्रयोग गर्न आव्हान गरेका छन् । पालिकाको प्रोत्साहन समेतमा किसानले व्यवसायिक फूल खेती गरिरहेकाले स्थानीय उत्पादन प्रयोगका लागि आव्हान गर्नु सकारात्मक पहलकदमी हो ।

नेपालमा पछिल्ला वर्ष फूल खेती फस्टाएको छ । तराईमा गर्मी मौसममा फूल खेती गर्न उत्पादन लागत धेरै हुने भएकाले व्यवसायिक खेतीको सम्भावना कम छ । तर अरु मौसममा तराईमा पनि सम्भव छ । मध्य पहाड फूल खेतीका लागि अनुकुल मौसम छ । यातायात सञ्जालको विस्तारले मध्य पहाडको फूल सबैतिर पुऱ्याउन सकिन्छ । चाडपर्वमा अत्याधिक खपत हुने फूल स्थानीय प्रयोग भयो भने किसानले लाभ पाउन सक्छन् । अहिले बजारमा प्लास्टिकजन्य माला र फूल आइसकेका छन् । भारतीय बजारबाट सयपत्री फूल पनि आइरहेको छ । प्रयोगकर्ताले स्थानीय उत्पादनलाई प्रोत्साहन गर्नका लागि स्थानीय फूल प्रयोग गर्न कन्जुस्याई गर्न हुन्न । तिहारमा आवश्यक अरु विभिन्न सामग्री पहाडका बनपाखाका उत्पादन नभई हुँदैन, ती आवश्यक सामग्री खोजी खोजी प्रयोग गर्दछौँ भने फूल किन प्रयोग नगर्ने ?

मुलुक हरेक विषयमा परनिर्भर भइरहेका बेला कम्तिमा फूल स्वदेशी प्रयोग गर्ने बानी बसाल्ने हो भने हामी फूलमा आत्मनिर्भर हुन्छौँ । फूलको व्यवसायिक खेती विस्तार हुन्छ । मध्यपहाड जस्तो फूलका लागि अनुकुल मौसम हुँदा समेत व्यवसायिक विस्तारका लागि लगानी गर्न आँट आउन नसक्नुको कारण स्वदेशी उत्पादनप्रति उपभोक्ताको लगाव नहुनु पनि हो । त्यसो त प्रतिस्पर्धी बजारमा उपभोक्ता जुन सस्तो पायो त्यही प्रयोग गर्छन्, त्यो स्वभाविक पनि मान्न सकिएला । कतिपय विषय थोरै महँगो भए पनि स्वदेशी प्रयोग गरौँ भन्ने भावनाले राष्ट्रियताको भावना उजागर हुन्छ ।

केही आशालाग्दा काम भएका छन्, पालिका र प्रदेश सरकारबाट अनुदान तथा प्रोत्साहन सहयोग पाएर सहकारी र व्यक्तिले फूल खेती गरिरहेका छन् । कतिपय अवस्थामा कुनै अनुदान र प्रोत्साहन सहयोग विना पनि युवाले स्वदेशमा केही गर्नुपर्छ भन्ने भावनाले फूल खेती गरिरहेका छन् । व्यवसायिक फूल खेतीमा संलग्न युवालाई प्रोत्साहन गर्न पनि स्थानीय फूलको प्रयोगमा जोड दिन आवश्यक छ । हरेक पालिका उत्पादनका केन्द्र हुन् । पालिकाले आफ्नो पालिकाभित्र उत्पादन भएको फूलको अवस्थाका बारेमा तथ्याङ्क लिएर बजारीकरणलाई सहयोग गर्न सक्छन् । पालिकाले बजारीकरणका लागि चाल्ने अभियानमा सहयोगी बनौँ । स्वदेशी फूल प्रयोग गरौँ । किसानलाई प्रोत्साहन र सम्मान गरौँ ।

## नेप्से परिसूचक १९.४३ अङ्कले घट्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा मंगलबार १९.४३ अङ्कको गिरावट आएको छ । साताको तेस्रो दिन(मङ्गलबार) बजार बन्द हुँदा नेप्से परिसूचक २५२८.१६ विन्दुमा अडिएको छ, जुन अघिल्लो दिनको तुलनामा ०.७६ प्रतिशतले कम हो ।

बजारमा कुल २१४ वटा कम्पनीको सेयर मूल्यमा गिरावट आएको छ भने ३३ वटा कम्पनीको मूल्य बढेको छ । ५ वटा कम्पनीको शेयर मूल्य भने स्थिर रहेको छ ।

बजारमा कुल ३ अर्ब ३६ करोड ६१ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यस अवधिमा ७४ लाख ८८ हजार २७३ कित्ता सेयर ३८ हजार ६२७ वटा कारोबारमार्फत खरिद बिक्री भएका छन् ।

यो कारोबार रकम एक सातादेखिको कम हो । पछिल्लो चार कारोबार दिनदेखि बजार निरन्तर घट्दै गएको देखिन्छ ।

मुख्य सूचकाङ्कसँगै अन्य उप-सूचकाङ्कहरूमा पनि गिरावट देखिएको छ । सेन्सेटिभ इन्डेक्स ४.६० अङ्कले घटेर ४३९.९४ मा पुगेको छ भने फ्लोट इन्डेक्स १.८० अङ्कले घटेर १७३.१३ मा झरेको छ । सेन्सेटिभ फ्लोट इन्डेक्स पनि १.७१ अङ्कले घटेर १४९.२८ मा कायम भएको छ ।

सर्वाधिक कारोबार हुने कम्पनीहरूमा नेपाल पुनर्बिमा कम्पनी, हिमालयन रिइन्यस्योरेन्स कम्पनी र सीईडीबी होल्डिङ कम्पनी अग्रस्थानमा रहेका छन् ।

मूल्य वृद्धि हुने कम्पनीहरूमध्ये शुभम् पावर र ग्रामीण विकास लघुवित्तको मूल्यमा १० प्रतिशत वृद्धिसहित सकारात्मक सर्किट लागेको छ । समाज लघुवित्तमा भने नकारात्मक सर्किट लागेको छ ।


# Kapilvastu Municipality
## Office of Municipal Executive
Taulihawa, Kapilvastu
Lumbini, Province

## Invitation for Electronic Sealed Quotation

Date of Publication: 15th Oct,2025(29th Asoj,2082)

The Kapilvastu Municipality, Office of the Municipal Executive, Taulihawa, Kapilvastu invites electronic sealed quotations from eligible registered Suppliers for the Supplying and delivery of Medicines under e-procurement system in the www.bolpatra.gov.np.The bidders can visit the PPMO website for the brief description with Public entity name: Kapilvastu Municipality, Office of Municipal Executive.

| S. N. | IFB NO. | Name of Projects | Estimated Amount Exclusive of VAT and Contingencies (NRs.) | Bid Security (NRs.) | Account No. for Cash Security | Bid Doc fee | Account No. for Bid Doc Fee | Final Bid Submission Date&Time |
|---|---|---|---|---|---|---|---|---|
| 1 | KM/082/ 083-01 | Supplying and delivery of Medicines | 3,863,981.50 | 100,000.00 | RastriyaBanijyaBank,TaulihawaBarnch Sthaniya Taha Dharauti Khata No.3110100303000002 | 1000.00 | Rastriya Banijya Bank,Taulihawa Barnchh Aantarik Rajaswa Khata No.:3110100301010002 Office Code :8010549015 | 30th Oct,,2025(13th Kartik2082) 12:00 |

Chief Administrative Officer

**देशलाई...**

भाद्र २३ गते जेनजीको शान्तिपूर्ण प्रदर्शनको क्रममा घुसपैठ भएको र प्रदर्शनले अर्कै रुप लिएर निर्दोष नवयुवकहरुको ज्यान गएको उनको भनाइ छ । यस घटनाले आफूहरुलाई अत्यन्तै मर्माहित बनाएको देउवाले बताएका छन् ।

'यसबाट अकल्पनीय जनधनको क्षति भयो । सम्भवतः यो नेपालको इतिहासमै एउटा डर लाग्दो दिनको रुपमा लिपिबद्ध हुनेछ ।'-उनले भनेका छन् ।

देउवाका अनुसार कांग्रेसका केन्द्रीय कार्यालयसहित ४८ जिल्लाका कार्यालय र करिव १ सय २५ जना नेताहरुको निजी घर र डेरामा आक्रमण, तोडफोड, लुटपाट र आगजनी गरिएको छ । विराटनगरको कोइराला निवास, काठमाडौं चाक्सीबारीको गणेशमानसिंह निवास र ललितपुर बाँडेगाँऊस्थित कृष्णप्रसाद भट्टराईको आश्रम पनि जलाएर खरानी बनाइएको घटनाले मर्माहत भएको उनले बताएका छन् ।

'त्यति मात्र होइन नागरिकको जीउधनको सुरक्षा गर्ने जिम्मेवारी बोकेका सुरक्षाकर्मीको हुर्मत लिने, हातहतियार लुट्ने र नागरिकको निजी सम्पतिमाथि तोडफोड लुटपाट र आगजनी गरिएको छ। यी दुवै दिनका घटनाको सत्य तथ्य छानबिन गरी दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन माग गर्दछु ।'- उनले भनेका छन् ।

'यो अकल्पनीय एवं अमानवीय र त्रासदीपूर्णरुपमा भएको घटना आकस्मिक वा स्वतःस्फूर्तभन्दा पनि सुनियोजित र योजनाबद्ध नै थियो भन्ने कुरा घटनापछि बाहिर आइरहेका तथ्यहरुले पुष्टि गर्न थालेका छन् । यसको यथाशिघ्र थप अध्ययन अनुसन्धान गरिनु पर्दछ । यो अनुसन्धान कसैलाई तत्कालिक नाफा घाटाभन्दा पनि मुलुकको सर्वोपरी हितलाई केन्द्रमा राखेर अघि बढ्नु पर्छ । देशमा सबै महत्वपूर्ण अंगहरुको मनोवल गिरेको अवस्था छ। यस अवस्थामा हामीले देशका सबै अंग वा निकायको मनोबल उच्च राख्ने काम गर्नु पर्दछ र अदालत, सुरक्षा निकाय लगायत सबै निकायलाई उच्च मनोबल साथ काम गर्न आह्वान पनि गर्नु पर्दछ ।'

भदौ २४ गतेको कठिन अवस्थामा महत्वपूर्ण भूमिका खेलेको भन्दै देउवाले राष्ट्रपति रामचन्द्र पौडेललाई धन्यवाद दिएका छन् ।

**सहकारीलाई...**

मापदण्डले सहकारीको पुँजीअनुसार वार्षिक शुल्कको व्यवस्था गरेको छ । मापदण्ड अनुसार २ करोड पुँजी भएका संस्थाले एक हजार, २ करोड देखि १० करोड पुँजी भएकाले ३ हजार, १० करोडदेखि २५ करोड पुँजी भएकाले ५ हजार, २५ देखि ५० करोड पुँजी भएकाले ७ हजार रुपैयाँ वार्षिक शुल्क तिर्नुपर्छ ।

त्यसैगरी ५० करोडदेखि एक अर्ब पुँजी भएका बचत तथा ऋण सहकारी संस्थाले प्राधिकरणलाई वार्षिक नवीकरण शुल्क १० हजार र एक अर्बभन्दा धेरै पुँजी भएकाले १५ हजार रुपैयाँ नवीकरण शुल्क तिर्नुपर्छ ।

संघ, प्रदेश र स्थानीय तहमा सञ्चालित बचत तथा मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्राधिकरणमा दर्ता अभिलेखीकरण गर्नुपर्ने व्यवस्था मापदण्डमा उल्लेख छ ।

सहकारी संस्थाले प्राधिकरणको विद्युतीय प्रणालीमार्फत् विवरण प्रविष्ट गर्नु पर्नेछ । अभिलेखीकरण हुने सहकारी संस्थाले आवश्यक दस्तुर तोकिएको बैंक खातामा जम्मा गरी सोको भौचर एक प्रति विद्युतीय प्रणालीमा प्रविष्ट गर्नु पर्ने व्यवस्था मापदण्डमा छ ।

दर्ता हुने सहकारी संस्थाले प्राधिकरणले दर्ता अभिलेखीकरणका लागि आह्वान गरेको मितिले ६० दिनभित्र विद्युतीय प्रणालीमा विवरण प्रविष्ट गरिसक्नु पर्नेछ। तर विशेष परिस्थितिको अवस्थामा प्राधिकरणले समयावधि थप गर्न सक्नेछ व्यवस्था मापदण्डले गरेको छ ।

दर्ता अभिलेखीकरण हुने सहकारी संस्थाले प्रविष्ट गरेको विवरण रुजु गरी प्रक्रिया पूरा भएकालाई तोकिएको ढाँचामा विद्युतीय प्रणालीमार्फत् सञ्चालन इजाजतपत्र जारी हुने व्यवस्था मापदण्डमा छ ।

संघ, प्रदेश र स्थानीय सरकारले समस्याग्रस्त घोषणा गरी कारबाहीको प्रक्रियामा रहेका सहकारी संस्था दर्ता अभिलेखीकरण प्रक्रियामा समावेश हुने छैनन् । सञ्चालन इजाजतपत्र प्राप्त नगरी बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थालाई प्रचलित कानुन बमोजिम कारबाही हुने व्यवस्था प्राधिकरणले गरेको छ ।

सञ्चालन, इजाजतपत्र प्राप्त सहकारी संस्थाले प्रत्येक वर्षको साउन मसान्तभित्र प्राधिकरणले निर्धारण गरेको प्रक्रिया पूरा गरी इजाजतपत्र नवीकरण गर्नु पर्नेछ । प्राधिकरणले सहकारी संस्थाको दर्ता अभिलेखीकरण र इजाजतसँग सम्बन्धित आवश्यक थप विवरण माग गर्न सक्ने समेत मापदण्डमा उल्लेख छ ।


# माथागढी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**झडेवा, पाल्पा, लुम्बिनी प्रदेश, नेपाल**

**माथागढी गाउँपालिका र बगनासकाली गाउँपालिका को विभिन्न वडा भई बग्ने अगाह खोला, तिनाउ खोला अरुण र झुम्सा नदिको नदिजन्य पदार्थ व्यवस्थापन कार्य प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धि**

## सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८२/०६/२९)

लुम्बिनी प्रदेश, पाल्पा जिल्ला, माथागढी गाउँपालिका द्वारा देहाय बमेजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः माथागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगानाः झडेवा, पाल्पा, लुम्बिनी प्रदेश<br>ईमेलःmathagadimun@gmail.com,<br>वेबसाईटः https://mathagadimun.gov.np/ फोन नं.: +९८५७०६८५६८ |
| प्रस्तावको व्यहोरा | माथागढ़ी गाउँपालिका वडा न. ०१,०२,०३,०४,०६,०७,०८ र बगनासकाली गाउँपालिका वडा न. ०२ सिमाअधिकार भित्र भई बग्ने विभिन्न खोला तथा नदिको नदिजन्य पदार्थ व्यवस्थापन कार्य |
| प्रभाव पर्न सक्ने क्षेत्र | पाल्पा जिल्ला, माथागढी गाउँपालिका वडा नं. १,२,३,४,६,७ र ८ बगनासकाली गाउँपालिका वडा न. ०२ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न माथागढ़ी गाउँपालिका १,२,३,४,६,७, ८ र बगनासकाली गाउँपालिका वडा न. ०२ नं. वडा कार्यालयहरु, विद्यालयहरु, स्वास्थ्य संस्थाहरु तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री माथागढ़ी गाउँपालिका, झडेवा, पाल्पा, लुम्बिनी प्रदेश<br>mathagadimun@gmail.com, फोन नं. + ९८५७०६८५६८ |
| परामर्शदाताको नाम र ठेगाना | Paribesh Adventure Pvt. Ltd.<br>बुटवल-११, कालिकानगर, रुपन्देही<br>फोन नं.: ९८५७०६४८३३, ९८४७६००४६६<br>ईमेलः paribesh.adventure@gmail.com |

# रैनादेवी छहरा गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

**छहरा, पाल्पा।**

## आशय पत्र सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२-०६-२९

मिति २०८२-०५-१३ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना तथा www.bolpatra.gov.np/egp समेत प्रकाशित सूचना अनुसार रीतपुर्वक पेश भएका बोलपत्रहरुमध्ये तपसिल ठेक्का नम्बर र बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| ठेक्का नं | आयोजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|---|
| RRM/PAL/G/NCB-01/2082-83 | Purchase Supply and Delivery of Medical Items | रानीमहल मेडिको सप्लायर्स प्रा.लि., तानसेन-०४, पाल्पा | रु.११,१४,७८६.८० (मु.अ कर बाहेक) |

प्रमुख प्रशासकीय अधिकृत

# धुर्कोट गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**बर्बोट, गुल्मी**

**लुम्बिनी प्रदेश, नेपाल**

## प्राविधिक प्रस्ताव स्वीकृत/आर्थिक प्रस्ताव खोल्ने सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२।०६।२९)

यस कार्यालयबाट मिति २०८२।०५।१० गते राष्ट्रिय दैनिकमा प्रकाशित सुचना अनुसार देहायको कार्यका लागी निर्धारित मिति २०८२।०६।०९ भित्र दर्ता भएका बोलपत्रपत्रहरु खोली प्राविधिक प्रस्ताव मुल्याङ्कन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भई सफल भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को (तेह्रौंसंसोधन) को नियम ३१ (ज) को उपनियम ५ बमोजिम तपशिलको मिति स्थान र समयमा आर्थिक प्रस्ताव खोल्ने गरि प्राविधिक प्रस्ताव स्विकृतिको छनौट भएको सूचना सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| Description of Works | Contract ID | Name & Address of Successful Bidder | Opening Date, Time & Venue |
|---|---|---|---|
| Nayagau Thuldi Barbot Maidan Kot Nadi Masyara Jhulkepokhari Khalikhola Abuwa Galda Lohori Sadak | ODRM-Gulmi-W-NCB-04-082/83 | M/S. NEW LIZA NIRMAN SEWA PVT. LTD,Rolpa-04,Rolpa | Date: 2082/07/11 Time: 12:30 PM Venue: Dhurkot RM-Barbot, Gulmi |
| | | M/S. Shankar Nirman Sewa, Resunga Municipality-01,Gulmi | |
| Chhilimpe- Ditthapokhara-Kimukharka- Dwaneta Sadak. | ODRM-Gulmi-W-NCB-05-082/83 | M/S. Arjun Builders And Construction Pvt. Ltd. ,Resuga-10,Gulmi | |
| | | M/S. Surayodaya-Sima JV ,Badagau-10, Gulmi | |
| | | M/S. Shreekrishna -Sushma JV,Resuga-08, Gulmi | |
| | | M/S. Star Bindabasini -Moddly JV Resuga-04, Gulmi | |
| Baraja-Katauje-Pipaldhara-Nadi-Barbot-Hatiya-Kafalpani -Wagla-Thyapche Sadak. | ODRM-Gulmi-W-NCB-06-082/83 | M/S. Shankar Nirman Sewa,Resunga Municipality-01,Gulmi | |

# मध्यविन्दु नगरपालिका

**मध्यविन्दु नगर अस्पताल**

**मध्यविन्दु-७, नवलपारसी (ब.सु.प)**

**गण्डकी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

सूचना प्रकाशन मितिः २०८२/०६/२९

मध्यविन्दु नगर अस्पतालमा ल्याब शाखा र एक्सरे शाखाको लागि एक्सरे फिल्म र रिएजेन्टहरुको आपुर्ति गराउने कार्यको मिति २०८२/०५/०३ गतेको बोलपत्र आह्वानिको सूचना अनुसार यस अस्पतालमा पेश हुन आएका बोलपत्रहरु मूल्याङ्कन गरि मिति २०८२/०६/२३ गते आशयको सूचना प्रकाशन गरिएकोमा आइटमवाइज मूल्याङ्कन हुनुपर्नेमा प्याकेजवाइज मूल्याङ्कन भई प्रावधिक त्रुटी हुन गएकोलेसो आशयको सूचनालाई रद्द गरि गर्दातपसिल बमोजिमको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही पाइएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| क्र.सं. | ठेक्का नं. | प्याकेजको नाम | बोलपत्रदाताको नाम, ठेगाना | कबोल रकम रु.(मु.अ.करसहित) | कै |
|---|---|---|---|---|---|
| 1 | MMH/G/ NCB/1.1/2082/83 | Procurement of CLIA Machine Reagents | Loyal Traders, Bharatpur-16, Chitwan. | साबिकको मूल्य 56,72,335.58/- | |
| | | | | संसोधन पश्चात मूल्य 55,87,585.58/- | |
| 2 | MMH/G/ NCB/1.2/2082/83 | Procurement of Specific Machine Reagents | Milan Trade House, Lalitpur-20, Purnachandi | साबिकको मूल्य 69,45,674.95/- | |
| | | | | संसोधन पश्चात मूल्य 48,23,534.95/- | |
| 3 | MMH/G/ NCB/1.3/2082/83 | Procurement of X-RAY Films | Aarsa Enterprises Pvt. Ltd., Nayabasti, Kathmandu | साबिकको मूल्य 8,54,562.50/- | |
| | | | | संसोधन पश्चात मूल्य 7,76,875.00/- | |

**लुम्बिनी प्रदेश सरकार**

**स्वास्थ्य मन्त्रालय**

**लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल**

## बोलपत्रहरु स्विकृतिका लागि आशयको सूचना

सूचना प्रकाशित मितिः२०८२/०६/२९

यस अस्पतालबाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्रहरुको सूचना अनुसार तपशिल बमोजिमको ठेक्काको सूचनामा उल्लेखित अन्तिम म्यादभित्र दर्ता भएका बोलपत्रहरु मुल्यांकन गर्दा सारभुत रुपमा प्रभावग्राही बोलपत्रहरु देहाय बमोजिम भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को २ को प्रयोजनार्थ सम्बन्धित सबै को जानकारीको लागी यो आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | सूचना प्रकाशित मिति | ठे.नं. | बोलपत्रदाताको नाम | स्वीकृत रकम मु.अ. कर पि एस रकम बाहेक |
|---|---|---|---|---|
| १ | २०८२/०५/८ | LPH-NCB-GOODS-05-2082-083 बिभिन्न किसिमका कागजात छपाई कार्य | श्री आइडिया डिजाइनर्स एण्ड अफसेट प्रेस, बुटवल | ७२ लाख ३७ हजार २ सय १५ मात्र |
| २ | | LPH-NCB-GOODS-06-2082-083 अस्पताल संचालनका लागी दैनिक रुपमा आवश्यक पर्ने सामान सप्लाइ गर्ने काम | श्री द ड्रिम ट्रेड एण्ड सप्लायर्स, बुटवल । | ४९ लाख ९४ हजार ६ सय मात्र |
| ३ | | LPH-NCB-GOODS-07-2082-083 बिभिन्न किसिमका स्टेशनरी सामान सप्लाइ गर्ने कार्य | श्री राजश्री सर्भिसेज प्रा.लि. काठमाण्डौ । | ३६ लाख ५२ हजार ५ सय मात्र |
| ४ | २०८२/५/१३ | LPH-NCB-WORKS-21-2082-083 Construction of one storey at above the Maintenance Block | श्री अरनिको एण्ड भिम कन्स्ट्रक्सन प्रा लि बुटवल | २४ लाख ८८ हजार ९ सय ६५ र पैसा ४९ मात्र |
| ५ | | LPH-NCB-WORKS-22-2082-083 Construction / Maintenance of Civil work | श्री बिहान ईन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि रुपन्देही । | |

साथै

LPH–NCB–GOODS–24-2082-083-Supply &Delivery of Different types of Furniture) र LPH–NCB–GOODS–27-2082-083, -Supply Delivery and Installation of Computer and All in one PC) पुनः दोश्रो पटक १५ दिने सूचना प्रकाशित गरिएको छ, बिस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ ।

मेडिकल सुपरिटेण्डेण्ट

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

# पर्यटक प्रवर्धनका लागि फल्चा निर्माण



गुल्मी । गुल्मीको सदरमुकाम तम्घासमा पर्यटक प्रवर्धनका लागि फल्चा निर्माण गरिएको छ। पछिल्लो समय काठमाडौँसहित देशका प्रमुख सहरमा फल्चा निर्माण भइरहेकाबेला गुल्मीमा पनि पर्यटक र यात्रुका लागि दुई वटा फल्चा निर्माण गरिएको हो ।

रेसुङ्गा नगरपालिकाको सहयोगमा तम्घासको बसपार्क नजिकै र भगवती मन्दिरमा फल्चा निर्माण गरिएको हो । जिल्लाका लागि फल्चा नयाँ संरचना हो । पहाडी जिल्लामा पनि पुराना संरचना पौवाहरू भए पनि अहिले नयाँ ढङ्गले प्रतीक्षालयका रूपमा फल्चा निर्माण हुँदै आएका रेसुङ्गाका नगरप्रमुख खिलध्वज पन्थीले बताए ।

उनका अनुसार तम्घासमा भने कारागारका कैदीबन्दीको काष्ठकला प्रयोग गरेर निर्माण गरिएको छ। "बसपार्क नजिक इन्द्रवीर थापाले निर्माण गरेको १५० वर्ष पुरानो इन्द्र पौवा थियो । यो पौवा जीर्ण भएपछि सोही ठाउँमा अहिले फल्चा निर्माण गरिएको छ।"-उनले भने ।

यो पौवाको गरिमाको विषयमा केही आलोचना भए पनि आधुनिकताका नाममा पुराना कला र संस्कृति लोप हुँदै गएपछि पौवाको ठाउँमा फल्चा निर्माण गरिएको नगरप्रमुख पन्थीले जनाए। कैदीबन्दीको सीपको प्रदर्शन र स्थानीय सामग्रीको उपयोगबाट पुरानै काष्ठकलामार्फत् फल्चा निर्माण गरिएको जनाउँदै उनले गत वर्ष एउटा र अहिले दुई वटा फल्चा निर्माण थालिएको उल्लेख गरे ।

ट्राफिक कार्यालय अगाडि निर्माण भएको फल्चाका कारण पैदलयात्री तथा ट्राफिक कार्यालयमा आएका सेवाग्राहीलाई फल्चा विश्रामस्थल बनेको छ । काष्ठकलामा निकै अब्बल कैदीबन्दीका सामग्री पछिल्लो समय सरकारी तथा गैरसरकारी थुप्रै संरचनामा प्रयोग हुँदै आएका छन् । नगरले काफलपानी निर्माण सेवामार्फत् कैदीबन्दीले निर्माण गरेको काष्ठ सामग्री फल्चामा प्रयोग गरेको हो । दुई वटा फल्चा १०/१० लाखको लागतमा निर्माण भएको नगरपालिकाले जनाएको छ।

गुल्मी कारागारका चौकीदार हरि थापाले आफूहरूले बाहिर निर्माण गर्दा लाग्ने लागतको ५० प्रतिशत कममा फल्चासहितका पूर्वाधारमा काम गरेको बताए। पछिल्लो समय कारागारमा काष्ठकला र फर्निचरको काममा हुँदै आएको छ। वार्षिक रु तीन करोड ५० लाखभन्दा बढीको कारोबार हुने कारागारबाट कैदीबन्दीले न्यूनतम रु सात हजारदेखि रु ४५ हजारसम्म कमाउने गरेका उनले जानकारी दिए।

थापाले विद्यालय, मन्दिर, गाउँपालिका भवन, सभाहललगायत ठाउँमा कारागारको सीप प्रयोग भएको बताए। उनले भने-"फल्चामा पनि उत्कृष्ट मेहनत गरेका छौँ। सस्तो र गुणस्तरीय भएकाले फल्चाबाहेक थुप्रै सरकारी संरचनामा कैदीबन्दीको सीप पुगेको छ।"

"कारागारमा सबैभन्दा बढी मूल्यपर्ने अष्टनागको आकृतिसहित सालको काठको चौकोश निर्माण हुन्छ। जसको मूल्य रु आठ लाख पर्दछ। एउटा चौकोश निर्माण गर्न तीन जना जनशक्तिले एक महिनामा काम गर्नुपर्छ। त्यस्तै, भक्तपुरे आँखी झ्याल, फोटो फ्रेम, दराज टेबलसहितका आवश्यक सबै फर्निचर सामग्री निर्माण गर्ने गरिएको छ।"-थापाले भने।

त्यस्तै, नेपालको प्रसिद्ध धाम रुरुक्षेत्रमा भरतपुर महानगरपालिका र रुरुक्षेत्र गाउँपालिकाको साझेदारीमा आकर्षक फल्चा निर्माण गरिएको छ । रुरु क्षेत्र गाउँपालिका-१, रिडीमा फल्चा निर्माण गरिएको हो । नीलकण्ठ कन्स्ट्रक्सनले रु ३२ लाख २६ हजार ८९१ को लागतमा फल्चा निर्माणको सम्झौता गरेर फल्चा निर्माण गरेको गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीले जानकारी दिए।

रुरुक्षेत्र गाउँपालिका र भरतपुर महानगरपालिकाबिच भगिनी सम्बन्ध गाँसिएको छ । सोही सम्बन्धका कारण रुरुक्षेत्र गाउँपालिका र भरतपुर महानगरपालिकाबिच ५०-५० प्रतिशत रकम साझेदारीमा रिडीमा फल्चा, विष्णु मूर्तिसहितका पर्यटकीय संरचना निर्माण गरिएको गाउँपालिकाका अध्यक्ष ज्ञवालीले बताए। रिडी बजार र कालीगण्डकी तटीय क्षेत्रलाई केन्द्रमा राखेर संरचना निर्माण तथा पुराना संरचना संरक्षण एवं लामाचौपारीमा ठूलो मन्दिर निर्माण कार्यसमेत अगाडि बढाइएको उनले जानकारी दिए।

अध्यक्ष ज्ञवालीले रुरुक्षेत्र धाम आफैँमा प्रसिद्ध भए पनि आवश्यक पर्यटकीय संरचना निर्माणको काममा आफूहरूले चासो दिएको जनाए । फाल्चा निर्माणसँगै यात्रुलाई आश्रम लिन सहज हुनुका साथै मौलिक सीपबाट बनाइएकाले हाम्रा सम्पदाको प्रचारप्रसार हुने उनले विश्वास व्यक्त गरे । यो पर्यटन प्रवर्द्धनका लागि पनि महत्त्वपूर्ण कदम हुने उनको भनाइ छ।


हार्दिक शुभकामना

नेपालीहरुको महान चाड शुभदीपावली तथा छठ पर्व-२०८२ तथा नेपाल सम्बत ११४६ को पावन अवसरमा सम्पूर्ण व्यवसायी एवम् शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हिमालय भुसाल
अध्यक्ष (तथा)

मदिरा व्यवयासी संघ रुपन्देही परिवार
रुपन्देही

हार्दिक शुभकामना

नेपालीहरुको महान चाड शुभदीपावली तथा छठ पर्व-२०८२ तथा नेपाल सम्बत ११४६ को पावन अवसरमा शिक्षक, कर्मचारी, अभिभावक तथा सम्पूर्ण शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

टीकाराम न्यौपाने
प्रिन्सिपल

दीप बोर्डिङ्ग हाईस्कूल परिवार
बुटवल, सुरखानगर रुपन्देही

हार्दिक शुभकामना

नेपालीहरुको महान चाड शुभदीपावली तथा छठ पर्व-२०८२ तथा नेपाल सम्बत ११४६ को पावन अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण आमाबुबा, दाजुभाइ तथा दिदीबहिनी, एवम् शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हरिराम कसौधन
महासचिव

हिमाल गैरे
अध्यक्ष

पश्चिमाञ्चल पेट्रोलियम डिलर्स एशोसिएशन परिवार
प्रधान कार्यालय बुटवल-६,रुपन्देही (फोन:०७१-५३४७९२)

हार्दिक शुभकामना

नेपालीहरुको महान चाड शुभदीपावली तथा छठ पर्व-२०८२ तथा नेपाल सम्बत ११४६ को पावन अवसरमा सम्पूर्ण ढुवानी व्यवसायी तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुमन सापकोटा
अध्यक्ष (तथा)

लुम्बिनी साना तथा मझौला ढुवानी व्यवसायी संघ परिवार
प्रधान कार्यालय, बुटवल-५, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल


# मधेशमा नयाँ सरकार बनाउन आह्वान

बुटवल। मधेश प्रदेशमा मुख्यमन्त्री सतिशकुमार सिंहले पदबाट राजीनामा दिएसँगै नयाँ सरकार गठनका लागि आह्वान भएको छ।

प्रदेश प्रमुख सुमित्रा सुवेदीभण्डारीलेदलहरूलाई बुधवार अपराह्न ४ बजेभित्र सरकार गठनका लागि आह्वान गरेकी हुन् । उनले संविधानको धारा १६८ को उपधारा २ बमोजिम बहुमतको सरकार गठन आह्वान गरेकी छन् । मुख्यमन्त्री सिंहले मंगलबार प्रदेशसभा बैठकबाट राजीनामा घोषणा गरेका थिए।

उनले दिएको राजीनामा स्वीकृत गर्दै प्रदेश प्रमुख सुवेदीले नयाँ सरकार गठन गर्नको लागि बाटो खुला गरिदिएकी हुन्।


आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०९१३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


## Madane Rural Municipality
### Office of the Rural Municipal Executive
Purkotdaha, Gulmi

## 1st Invitation for Electronic Bids

Date of Publication: 15thOctober 2025 (29th Ashoj, 2082)

Madane Rural Municipality, Purkotdaha, Gulmi invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under NCB. Name and identification of contracts are mentioned below and the details are in the bidding document.

| S. No | Contract ID | Description of Work | Estimated Amount (With VAT, PS and contingencies) in NPR | Bid Document Fee (NPR) | Bid Security Amount (NPR) | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1. | OMDRM-GULW-NCB-06-2082/83 | Sukapokhari Jumlichaur Panahakhola Sadak Starunnati Karya | 2502257.95 | 3000 | 66000 | 14th November 2025 12:00 Noon | 14th November 2025 13:00 hrs. |
| 2. | OMDRM-GULW-NCB-07-2082/83 | Dahakhola Khel Purbadhar | 2504474.31 | 3000 | 66000 | 14th November 2025 12:00 Noon | 14th November 2025 13:00 hrs. |
| 3. | OMDRM-GULW-SQ-03-2082/83 | Ulbang Rata Pahar Sinchai | 1999239.52 | 1000 | 50000 | 30th October 2025 12:00 Noon | 30th October 2025 13:00 hrs |

| Bank Name | Name of Office | Deposit Account Name and No | |
|---|---|---|---|
| Agriculture Development Bank | Madane Rural Municipality Purkotdaha, Gulmi | Madane Rural Municipality Ga 1.1 Internal Revenue 0425401499748114 (rajaswo khata) | Madane Ga.Pa.Ga.3.1 Local Level Dep 0425401499748041 (Dharauti Khata) |

1. Bid Validity Period shall be 90 days after bid opening, and Bid Security Validity Period shall be 30 days beyond the bid validity period for NCB.
2. Bid Validity Period shall be 45 days after bid opening, and Bid Security Validity Period shall be 30 days beyond the bid validity period for SQ.
3. Tender Procedures shall follow public procurement act 2063 and public procurement regulation 2064 along with recent amendments.
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. For further information please refer to the PPMO's website http://bolpatra.gov.np/egp. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.
6. For other information, refer to bid document or contact 9857049049, 9857067675.

**Chief Administrative Officer**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रुपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com